नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग

# नापी कार्यालय

लमही, दाङ

प.सं. :०८० / ०८१
च.नं. : ११४

☎फो.नं.:- ०८२-५४०८२५
ईमेल :- lamahi@dos.gov.np

मिति : २०८०/०५/१५

विषय : सूचना टांस गरिदिने सम्बन्धमा ।

श्री गढवा गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, गढवा दाङ ।

प्रस्तुत विषयमा यस नापी कार्यालय, लमही दाङ १ नं. नापी टोलीबाट जारी भएको नाप नक्सा सुरु हुने सम्बन्धि सूचना यसै पत्र साथ संलग्न गरी पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टांस गरी सो को जानकरी यस कार्यालयमा पठाइदिनुहुन अनुरोध छ ।

विजय राज जोशी
टोली प्रमुख
सर्भेक्षक

बोधार्थ
श्री राष्ट्रिय भूमी आयोग जिल्ला समिति, घोराही दाङ
श्री ४ नं. वडा कार्यालय, गढवा दाङ
श्री सव डिभिजन वन कार्यलय, गढवा दाङ
श्री मालपोत कार्यालय, लमही दाङ
श्री ईलाका प्रशासन कार्यालय, लमही दाङ (आवश्यक जानकारीको लागी अनुरोध छ)

सर्वेक्षक

# अनुसूची-८

(दफा १३ उपदफा (४) को प्रयोजनका लागि)

## नापी कार्यालय, लमही दाङ

**नापी टोलि नं. १ बाट जारी भएको नाप नक्सा सुरु हुने सम्बन्धी सूचना!**

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि गढवा गा.पा. वडा नं. ४ भित्रको स्थानीय तहले पहिचान र छनौट गरेको सरकारी जग्गाको नाप नक्सा मिति २०८०/०५/२९ देखि सुरु हुने भएकोले सम्बन्धित व्यक्तिहरुले नाप नक्सा हुँदाको समयमा आ-आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उपलब्ध अन्य प्रमाणहरु र निवेदन दर्ताको निस्सा लिई उपस्थित भई आफुले आवाद कमोत गरेको जग्गाको साँध-सिमाना घुमी देखाई नापी गराउनु होला। नापी हुने विषयमा अरु जानकारी चाहिएमा सम्बन्धित टोलि मुकाममा आई बुझ्न सक्नुहुनेछ। इति सम्वत् २०८० साल भाद्र १५ गते रोज् ६ शुभम्.....................